# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०७७।०४।०२

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) यस नगरपालिकाको वडा नं.२ स्थित श्री जनता मा.वि. (क्वारेन्टाइन) मा खटिएका सुरक्षाकर्मीहरुको भत्ता सम्बन्धमा ।

प्रस्ताव नं.२) यस न.पा.को नगर प्रमुख तथा उप प्रमुखज्यूको लागि अतिथि सत्कार वापतको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.३) यस न.पा.का. वडा नं. ९ मा स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत संचालन भएको अधुरो डिप ट्युवेल निर्माण आयोजनाको रकम निकासा नभएको हुंदा उक्त आयोजनाको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.४) नेपाल सरकारबाट प्राप्त सुरक्षित नागरिक आवास निर्माण कार्यक्रमका लाभग्राहीहरुले यस न.पा. कार्यालयमा सम्झौताको लागि पेश गर्नुपर्ने कागजातहरुका सम्बन्धमा ।

प्रस्ताव नं.५) यस न.पा.का. वडा नं.११ को सिफारिस बमोजिम चुरे खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई खानेपानीको पाइप वितरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६) जिल्ला ट्राफिक कार्यालय, जिरोमाइल धनुषाबाट सवारी दुर्घटना न्यून गर्नको लागि आवश्यक श्रोत साधन व्यवस्थापनको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) रेयुकाई एईको मासुनागा आंखा अस्पतालको भवन निर्माण गर्न नक्सास पास रकम मिनाह गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८) यस न.पा. कार्यालयमा कार्यरत सेवा करार/ज्यालादारी कर्मचारीहरुको सेवा करार सम्झौता नविकरण गर्ने सबन्धमा ।

प्रस्ताव नं.९) यस न.पा. क्षेत्र भित्र औद्योगिक ग्राम स्थापना गराउन जग्गा उपलब्ध गराउने सबन्धमा ।

प्रस्ताव नं.१०) यस न.पा. कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फारमको ढांचा स्वीकृत गर्ने सबन्धमा ।

प्रस्ताव नं.११) यस न.पा. कार्यालयको लागि आवश्यक कर्मचारी सेवा करारमा नियुक्ति गर्ने कार्यविधि स्वीकृत गर्ने सबन्धमा ।

प्रस्ताव नं.१२) यस न.पा. कार्यालयबाट सम्पादन गरिने व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यलाई व्यवस्थित गर्नको लागि कार्यविधि स्वीकृत गर्ने सबन्धमा ।

प्रस्ताव नं.१३) यस न.पा. कार्यालयबाट सम्पादन गरिने बजार अनुगमन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गर्नको लागि कार्यविधि स्वीकृत गर्ने सबन्धमा ।

प्रस्ताव नं.१४) यस न.पा. कार्यालयबाट सम्पादन गरिने 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्नको लागि कार्यविधि स्वीकृत गर्ने सबन्धमा ।

**बैठकका निर्णयहरु**

नर्णय नं. १) प्रस्ताव नं.१ मा छलफल गर्दा इलाका प्रहरी कार्यालयको च.नं.१८०३ मिति २०७७।०३।२७ को पत्रबाट अनुरोध भए बमोजिम यस नगरपालिकाको वडा नं.१० स्थित लालगद अस्पताल र वडा नं.२ स्थित श्री जनता मा.वि. (क्वारेन्टाइन) मा खटिएका प्रहरीहरुलाई प्रोत्सहान भत्ता वापत तलवस्केलको ५० प्रतिशतले हुने रकम २०७७ आषाढ मसान्तमा वितरण गरिएको हुंदा उक्त खर्च अनुमोदन गर्ने निर्णय पारित गरियो ।

नर्णय नं. २) प्रस्ताव नं.२ मा छलफल गर्दा यस न.पा.को नगर प्रमुख तथा उप प्रमुखज्यूको लागि अतिथि सत्कार वापत संलग्न बिल भर्पाई बमोजिमको क्रमश रु.१,००,०००।- र रु.८८,२३४।- भुक्तानीको लागि नगर प्रमुखज्यूको तोक आदेश साथ पेश भइ भुक्तानी गरिएको जम्मा रु.१,८८,२३४।- (एक लाख अठासी हजार दूई सय चौतीस मात्र) अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस न.पा.को. वडा नं. ९ मा स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत जि.स.स. धनुषाको च.नं.३५० मिति २०७६।१२।०३ को पत्रानुसार उपभोक्ता समितिसंग सम्झौता भई संचालन भएको अधुरो डिप ट्युवेल निर्माण आयोजनाको विनियोजित रकम रु.१०,००,०००।- को.ले.नि.का.मा निकासा नभएको हुंदा उक्त आयोजनाको रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी गर्नको लागि यस न.पा.को वडा नं.९ को च.नं.७०६९ मिति २०७७।०३।३१ को पत्रबाट अनुरोध भए बमोजिम उक्त वडाको लागि आ.व.०७६।०७७ मा बजेट विनियोजन भई सो आ.व.मा संचालन हुन नसकेको तल्लो डांडाटोल सामुदायिक भवन निर्माण आयोजनामा विनियोजन भएको रु.१०,०,०,०००।- मध्येबाट रु.९,९६,९९८।- (नौ लाख छयानब्बे हजार नौ सय अन्ठानब्बे मात्र) भुक्तानी गरिएको हुंदा उक्त भुक्तानी अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं.४ मा छलफल गर्दा नेपाल सरकारबाट प्राप्त सुरक्षित नागरिक आवास निर्माण कार्यक्रमका लाभग्राहीहरुले यस न.पा. कार्यालयसंग सम्झौता गर्नको लागि जग्गा धनी दर्ता प्रमाणपत्र (लालपुर्जा) र नागरिकता पेश गर्नुपर्ने भनी कार्यादेशमा उल्लेख भएकोमा यस कार्यक्रमका लाभग्राहीहरु मध्ये केही व्यक्तिहरु सुकुम्वासी भएको हुंदा निजहरुको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित नागरिकता मात्र पेश गराई सम्झौता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं.५ मा छलफल गर्दा २०७७ को आषाढ, श्रावण महिनामा परेको अविरल वर्षा र डुवानको कारण खानेपानी वितरणमा अवरोध भएको देखिएकोले यस न.पा.को वडा कार्यालयहरु मार्फत खानेपानी पाइप लाइन मर्मत र खोला किनारामा भत्केका तटबन्धहरु मर्मत सम्भार गर्न आवश्यक पर्ने पाइपहरु र तारजाली, ढुङ्गा आदी माग भएकोमा रु.२५,०००।- सम्मको सामाग्री नगर मर्मत सम्भार कोषबाट खर्च व्यहोर्ने गरी सोझै बजार खरिद गरि वडा कार्यालयलाई वितरण गर्ने र रु.२५,००१।- देखि एक लाख सम्म खर्च लाग्ने देखिएमा प्रविधिकबाट लगत इष्टिमेट गराई उक्त मर्मत सम्भार कार्य गर्ने/गराउर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं.६ मा छलफल गर्दा जिल्ला ट्राफिक कार्यालय, जिरोमाइल धनुषाको च.नं.५४३ मिति २०७७।०४।०२ को पत्रबाट सवारी दुर्घटना न्यून गर्नको लागिसंलग्न विवरण बमोजिम रु.३४,०८,०००।- बराबरको cctv with rader gun, bericade, breathalyzer, magic light, body won camera उपलब्ध गराइदिनु हनु भनी अनुरोध भएकोमा यस न.पा.को लागि आ.व. २०७७।०७८ को वार्षिक बजेट तथा कार्यक्रमको अधिनमा रही नगरक्षेत्रका केही स्थानहरुमा थप cctv जडान गर्ने निर्णय पारित गरियो ।

0६/8/12

निर्णय नं. ७) प्रस्ताव नं.७ मा छलफल गर्दा रेयुकाई एईको मासुनागा आंखा अस्पताल, बनेपाको च.नं.२६३ मिति २०७६।१०।१५ को पत्रबाट उक्त आंखा अस्पतालको भवन यस मि.न.पा. वडा नं.७ मा निर्माण गर्नको लागि नक्सास पास वापतको राजश्व रकम मिनाह गरी पांउ भनी अनुरोध गरेकोमा उक्त अस्पताल भवनको नक्सा पास वापतको राजश्व रकम मिनाह गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ८) प्रस्ताव नं.८ मा छलफल गर्दा यस न.पा. कार्यालयमा कार्यरत सेवा करार/ज्यालादारी कर्मचारीहरुको सम्झौता अवधि २०७७ आषाढ मसान्तमा समाप्त भएको हुंदा निजहरुको निवेदन अनुसार देहायको विवरणमा उल्लेख भए बमोजिम हुने गरी २०७७ पौष मसान्तसम्मको लागि सेवा करार सम्झौता नविकरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ९) प्रस्ताव नं.९ मा छलफल गर्दा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारको आ.व.२०७६।०७७ को वार्षिक कार्यक्रम "प्रदेश नं.२ का दश स्थानीय तहमा औद्योगिक ग्रामको स्थापना गर्न पूर्व सम्भाव्यता अध्ययन" को लागि यस मिथिला नगरपालिकाको वडा नं.३, हरिहरपुरमा ७ (सात) विघा जमिन उपलब्ध गराउन सकिने भनी श्री E.C.N. कन्सल्टेन्सी प्रा.लि., काठमाडौंलाई यस न.पा. कार्यालयको च.नं.१६३३ मिति २०७७।०३।१९ को पत्रबाट जानकारी गराइएको हुंदा उक्त कार्य अनुमोदन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १०) प्रस्ताव नं.१० मा छलफल गर्दा यस न.पा. कार्यालयमा कार्यरत कर्मचारीहरुको देहाय बमोजिमको कार्य सम्पादन मूल्यांकन फारामको ढांचा स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ११) प्रस्ताव नं.११ मा छलफल गर्दा यस न.पा. को लागि आवश्यक प्रविधिक कर्मचारी सेवा करारमा नियुक्ति प्रकृया व्यवस्थित गर्नको लागि देहाय बमोजिमको करारमा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १२) प्रस्ताव नं.१२ मा छलफल गर्दा यस न.पा. कार्यालयबाट सम्पादन गरिने व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यलाई व्यवस्थित गर्नको लागि देहायक बमोजिमको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १३) प्रस्ताव नं.१३ मा छलफल गर्दा यस न.पा. कार्यालयबाट सम्पादन गरिने बजार अनुगमन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गर्नको लागि देहायक बमोजिमको बजार अनुगमन तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. १४) प्रस्ताव नं.१४ मा छलफल गर्दा यस न.पा. कार्यालयबाट सम्पादन गरिने 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्नको लागि देहायक बमोजिमको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

०७७।४।२

## मिथिला नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा आ.व.०७६/७७ मा करार/ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरुको आ.व. ०७७/०७८ मा देहाय अनुसार नवीकरण हुन भएको निर्णय

| क.स. | नाम/थर | पद | किसिम | मासिक तलब | पोशाक/चाडपर्व खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | जय गणेश सिंह | ईन्जिनियर छैठौं | करार | ३५९९० | नेपाल सरकारले तोके बमोजिम | - |
| 2 | विजय कुमार सिंह | सूचना प्र.अ. | करार | ३५९९० | परियोजनाले तोके बमोजिम | २५ प्रतिशत मात्र न.पा.बाट |
| 3 | लालबाबु महतो | सब-ईन्जिनियर | मासिक ज्यालादारी | २८२०० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 4 | जोगेन्द्र महतो | कार्यालय सहायक | करार | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 5 | बचन कुमार यादव | अमिन | करार | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 6 | मनिता अर्याल | अ.सब-ईन्जिनियर | करार | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 7 | संजिव प्रशाद घिमिरे | स. कम्प्यूटर अपरेटर | करार | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 8 | प्रभु राम क्यापछाकी | कार्यालय सहायक | करार | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 9 | धिरेन्द्र कुमार महतो | ना.प्र.स. | करार | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 10 | विनोद कुमार राय | सुपरभाईजर | मासिक ज्यालादारी | २६६१० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 11 | उमेश कुमार महतो | एम.आई.एस. अपरेटर | करार | २८२०० | नेपाल सरकारले तोके बमोजिम | पञ्जिका विभागबाट तलब |
| 12 | आरती कुमारी सिंह | एम.आई.एस. अपरेटर | करार | २८२०० | नेपाल सरकारले तोके बमोजिम | पञ्जिका विभागबाट तलब |
| 13 | निलम कुमार महतो | फिल्ड सहायक | करार | २६६१० | नेपाल सरकारले तोके बमोजिम | पञ्जिका विभागबाट तलब |
| 14 | कमलेश कुमार महतो | पो.संयोजक | करार | १५००० | परियोजनाले तोके बमोजिम | बहुक्षेत्रीय पोषणबाट तलब |
| 15 | उमा शंकर प्र सिंह | हे स चा | करार | २३८५० | नेपाल सरकारले तोके बमोजिम | |
| 16 | कासिन्दर महतो | हे स चा | मासिक ज्यालादारी | २३८५० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 17 | सुजन लामा योन्जन | हे स चा | मासिक ज्यालादारी | २३८५० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 18 | जितेन्द्र कुशवाहा | ह स चा | करार | २२०१० | नेपाल सरकारले तोके बमोजिम | |
| 19 | जितेन्द्र यादव | ह स चा | करार | २२०१० | नेपाल सरकारले तोके बमोजिम | |
| 20 | अरुण कुमार महतो | ह स चा | मासिक ज्यालादारी | २२०१० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 21 | बिनोद कुमार महतो | ह स चा | मासिक ज्यालादारी | २२०१० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 22 | सत्यनारायण राय | ह स चा | मासिक ज्यालादारी | २२०१० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 23 | सुनिल यादव | ह स चा | करार | २२०१० | नेपाल सरकारले तोके बमोजिम | |
| 24 | दिनेश कुमार महतो | हे स चा | करार | २३८५० | नेपाल सरकारले तोके बमोजिम | |
| 25 | ईन्द्र प्रशाद गौतम | हे स चा | मासिक ज्यालादारी | २३८५० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | सेवा करारमा सम्झौता |
| 26 | अकल बहादुर लामा | का स प्रथम/विधुत सहायक | मासिक ज्यालादारी | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 27 | मिन बहादुर क्षेत्री | का स प्रथम | करार | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 28 | मिन बहादुर खड्का | सहायक | करार | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 29 | ओम राज तामागं | वकिल/कानून सल्लाहकार | करार | २३६०० | | |
| 30 | भावना ठाकुर | का स प्रथम | करार | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 31 | अनिता लामा | का स प्रथम | करार | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 32 | विनय कुमार महतो | का स प्रथम | करार | १९४८० | नेपाल सरकारले तोके बमोजिम | सेवा करारमा सम्फौता |
| 33 | कर्ण बहादुर लामिछाने मगर | का स प्रथम | मासिक ज्यालादारी | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 34 | नेत्र बहादुर बलम्पाकी | का स प्रथम | करार कर्मचारी तलब | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 35 | डम्बर बहादुर बानिया | का स प्रथम | मासिक ज्यालादारी | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 36 | रेणु कान्त बराल | का स प्रथम | मासिक ज्यालादारी | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 37 | खिलराज शर्मा | का स प्रथम | मासिक ज्यालादारी | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 38 | दान बहादुर खड्का | का स प्रथम | मासिक ज्यालादारी | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | सेवा करारमा सम्फौता |
| 39 | कल्याण वि.क. | सुईपर | मासिक ज्यालादारी | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 40 | महाविर परियार | सुईपर | मासिक ज्यालादारी | १६२३० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 41 | राज मलिक | सुईपर | मासिक ज्यालादारी | १६२३० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 42 | राम उदगार मलिक | सुईपर | मासिक ज्यालादारी | १६२३० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 43 | जोगेन्द्र मलिक | सुईपर | मासिक ज्यालादारी | १६२३० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 44 | कृष्ण कुमार महतो | का स प्रथम | मासिक ज्यालादारी | १९४८० | नेपाल सरकारले तोके बमोजिम | सेवा करारमा सम्फौता |

## मिथिला नगरपालिका मातहत नगरकार्यपालिकाको कार्यालय बाहेक अन्यत्र आ.व.०७६/७७ मा करार/ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरुको आ.व. ०७७/०७८ मा देहाय अनुसार नवीकरण हुन भएको निर्णय

| क्र.स. | नाम/थर | पद | सेवाको किसिम | कार्यस्थल | मासिक तलब | पोशाक/चाडपर्व खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | गिता गिरि | ना.प्रा.स. कृषि | करार | वडा नं. ११ | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 2 | चिरन्जिवि गिरि | ना.प्रा.स. पशु | करार | वडा नं. १० | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 3 | युवराज शर्मा | कार्यालय सहायक | करार | वडा नं. ६ | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 4 | रिता कुमारी महतो | कार्यालय सहायक | करार | वडा नं. २ | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 5 | ईन्दिरा राउत कटुवाल | कार्यालय सहायोगी | करार | वडा नं. ७ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 6 | कृष्ण कुमार चौधरी | कार्यालय सहायोगी | करार | वडा नं. ५ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 7 | रामकृष्ण महतो | कार्यालय सहायोगी | करार | वडा नं. ८ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 8 | लोकेन्द्र थापा मगर | कार्यालय सहायोगी | करार | वडा नं. ६ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 9 | शुक्र बहादुर लामा | कार्यालय सहायोगी | करार | वडा नं. ९ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 10 | हेमन्त कुमार थापा | कार्यालय सहायोगी | करार | वडा नं. १० | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 11 | कविता कुमारी महतो | कार्यालय सहायक | करार | वडा नं. ८ | १८००० | नेपाल सरकारले तोके बमोजिम | |
| 12 | सुनिता देवि | कार्यालय सहायक | करार | वडा नं. ३ | १८००० | नेपाल सरकारले तोके बमोजिम | |
| 13 | रामहरी बराल | कार्यालय सहायक | करार | वडा नं. ११ | १८००० | नेपाल सरकारले तोके बमोजिम | |
| 14 | कमला वानिया | कार्यालय सहायोगी | करार | वडा नं. ४ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 15 | काशिन्दर महतो | कार्यालय सहायोगी | करार | वडा नं. ३ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 16 | गजेन्द्र नारायण सिंह | कार्यालय सहायोगी | करार | वडा नं. १ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 17 | देवकी कडारी | कार्यालय सहायोगी | मासिक ज्यालादारी | सूचना केन्द्र वडा नं. ६ | १३५०० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 18 | रामशरण महतो | पाले | मासिक ज्यालादारी | पोखरिया वडा नं. ७ | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 19 | तोयानाथ दाहाल | पाले | मासिक ज्यालादारी | पोखरिया वडा नं. ७ | १९४८० | ६ महिना भन्दा बढी काम गरेमा नियामानुसार | |
| 20 | पुनम कुमारी | अ.न.मी. | करार | स्वा. चौकी ६ | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 21 | विरेन्द्र कुमार महतो | ल्याब असिसटेन्ट/चौथो | करार | स्वा. चौकी ६ | २६६१० | नेपाल सरकारले तोके बमोजिम | |
| 22 | दिपक गौतम | कार्यालय सहायोगी | करार | स्वा. चौकी ४ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 23 | मिना कुमारी तामाङ्ग | कार्यालय सहायोगी | करार | स्वा. चौकी ११ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 24 | राकेश महतो | कार्यालय सहायोगी | करार | स्वा. चौकी २ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 25 | राम भरोस सिंह कोईरी | का.स./बगैचे | करार | स्वा. चौकी ६ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 26 | श्याम कुमारी वाईवा | कार्यालय सहायोगी | करार | स्वा. चौकी ९ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |
| 27 | सविता घिसिङ्ग | कार्यालय सहायोगी | करार | स्वा. चौकी ११ | १९४८० | नेपाल सरकारले तोके बमोजिम | |